श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

घर जग्गा कर नियमहरू, २०२० को नियम ४ को उप–नियम (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भद्रपुर, विराटनगर, धरान, राजबिराज, जनकपुर, वीरगञ्ज, बुटवल–खर्स्यौली र नेपालगञ्ज शहरी क्षेत्रभित्र पर्ने घर जग्गा करको प्रयोजनको निमित्त घर जग्गा कर नियमहरू, २०२० को नियम ५ बमोजिम तोकिएको सिद्धान्तको आधारमा मूल्यांकन तालिका तयार गरी ४५ दिनभित्र श्री ५ को सरकारमा पेश गर्ने देहायका अध्यक्ष र सदस्यहरू भएको घर जग्गा मूल्यांकन समिति गठन गरेको छ ।

समितिको अध्यक्ष र सदस्यहरू :–

१. स्थानीय अञ्चल कर कार्यालयको प्रमुख कर अधिकृत वा कर अधिकृत– – अध्यक्ष

२. स्थानीय नगर पञ्चायतको प्रधान पञ्च वा निजले मनोनीत गरेको सदस्य– –सदस्य

३. स्थानीय आवास भवन तथा भौतिक परियोजन कार्यालयको प्रमुख इञ्जिनीयर– –सदस्य

४. कर विभागको द्वितीय श्रेणीको अधिकृत भएको स्थानमा कोष तथा तहसील कार्यालयको द्वितीय वा तृतीय श्रेणीको हाकिम, कर अधिकृत तृतीय श्रेणीको भएको ठाउँमा कोष तथा तहसील कार्यालयको हाकिम द्वितीय श्रेणीको भएमा सो कार्यालयको तहरीर वा ना. सु. – – – – – – –सदस्य

५. कर विभागबाट खटाइएको अधिकृत– – – – सदस्य–सचिव

आज्ञाले–

नरकान्त अधिकारी

श्री ५ को सरकारको अतिरिक्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६५४ ६५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।